नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शैक्षिक परामर्श तथा समायोजीकरण शाखा

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०८२/०८/०१

**शैक्षिक परामर्श सेवा,पूर्व तयारी कक्षा तथा भाषा शिक्षण सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्थाहरुलाई संस्था नवीकरण गराउने सम्बन्धी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अत्यन्त जरुरी सूचनाः-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्वन्धी निर्देशिका, २०७३ (प्रथम संशोधन, २०८१) वमोजिम शैक्षिक परामर्श सेवा / पूर्वतयारी कक्षा / भाषा शिक्षण सम्वन्धी कार्य गर्न स्वीकृति प्राप्त गरी आ.व. २०८१/८२ का लागि नवीकरण भएका र नवीकरणका लागि अनलाइन एप्लिकेसनमा आवद्ध भएका तर तोकिएका कागजात सँलग्न राखि मन्त्रालयमा फायल वुझाउन वाँकी भई नवीकरण पत्र प्राप्त गर्न नसकेका संस्थाहरुलाई आ. व २०८२/८३ का लागि नवीकरण गर्न निवेदन आह्वान गरिएको व्यहोरा सम्वन्धित सवैमा सूचित गरिन्छ । तोकिएको म्याद नाघेर प्राप्त हुने निवेदन उपर कुनै कारवाही नहुने तथा निवेदन प्राप्त नहुने संस्था लाई आ. व २०८२/८३ का लागि सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाको सूचिमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

क) आ.व. २०८१/८२ सम्मका लागि नवीकरण भएका ७२० वटा संस्थाहरुको हकमा मन्त्रालयको वेव एप्लिकेसन cims.moest.gov.np मा सँलग्न भएका विवरणहरु मध्ये शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्वन्धी निर्देशिका (पहिलो संशोधन ) को अनुसूची ३ मा उल्लेख भएका विवरणहरुमा परिवर्तन भएको अवस्थामा वाहेक देहाय वमोजिमको विवरण सँलग्न राखी फायल पेश गर्नु पर्ने छ ।

- आ.व २०८१/८२ सम्मको कर चुक्ता प्रमाण पत्र,लेखा परीक्षण प्रतिवेदन र कम्पनी अद्यावधिक,
- आ.व २०८१/८२ मा गरेको वार्षिक कामको विवरण,
- मन्त्रालयले दिएको नवीकरण पत्रको प्रतिलिपि,
- आ.व २०८१/८२ का लागि स्वीकृति नवीकरण दस्तुर रु २००००।०० वुझाएको भौचर,
- आन्तरिक राजश्व कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालयवाट कम्पनी सञ्चालनको अनुमति पाएका स्थानहरुको विवरण,
- आधिकारीक प्रतिनिधि भएका मुलुकहरुको विवरण र प्रतिनिधि पत्र,
- अनलाइन एप्लिकेसन (cims.moest.gov.np) मा रहेको विवरणमा परिवर्तन भएको भए सो को विवरण

ख) आ.व. २०८१/८२ का लागि नवीकरण गर्न मन्त्रालयवाट सूचना भए वमोजिम अनलाईन एप्लिकेसन मार्फत निवेदन गरेका तर नवीकरण दस्तुर सहित माग भएका कागजात सहित फायल वुझाउन नसकेका संस्थाहरुको हकमा देहाय वमोजिमका गर्नु हुन ।



Scanned with CamScanner
Scanned with CamScanner

- अनलाईन एप्लिकेसन(cims.moest.gov.np) मा सबै कागजात पेश गरी फायल वुझाउन बाँकी रहेका संस्थाहरुको हकमा माथी प्रकरण 'क' मा उल्लिखित कागजातहरु समेत समावेश गरेर फायल वुझाउने,
- अनलाईन एप्लिकेसनमा सबै कागजात पेश गर्न नसकेका तथा रितपुर्वक सबै कागजात पेश गर्न नसकी पेण्डिङ देखिएकाहरुको हकमा निर्देशिकाको अनुसूची ३ मा उल्लिखित कागजातका अतिरिक्त माथी प्रकरण 'क' मा उल्लिखित कागजातहरु समेत समावेश गरेर संस्थालाई प्रदान गरिएको युजरआइडी मार्फत अनलाईन आवेदन पेश गरी सो को फायल मन्त्रालयको शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखामा पेश गर्ने ।सो विवरण अनलाईन प्रणालीमा समेत अद्यावधिक गर्ने ।

ग) संस्थाले बुझाउन बाँकी रहेको नवीकरण दस्तुर देहाय बमोजिम राजश्व दाखिला गरी भौचर स्क्यान गरेर अपलोड गर्नु पर्नेछ र Hard Copy फायल मा सक्कलै भौचर राखेर वुझाउनु पर्नेछ ।

- दाखिला गर्ने कार्यालयः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- कार्यालय कोडः ३५०००३५०१
- खाता नम्बरः ००१००१०६२०००००
- राजश्व शिर्षक नः १४२२९
- नवीकरण दस्तुर रु. २०,०००/०० आव २०८२/८३ का लागि र सो भन्दा अगाडी प्रतिवर्ष रु ३०००/००

घ) निवेदन पेश गर्नु पर्ने अन्तिम मितिः २०८२/८/१५ गते कार्यालय समय भित्र ।

उपसचिव



Scanned with CamScanner

# शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा

<u>नवीकरणको लागि दिइने निवेदनको ढाँचा</u>

मितिः २०८२/--/--

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा
सानोठिमी, भक्तपुर ।

विषयः शैक्षिक परामर्श/पूर्वतयारी कक्षा/ भाषा शिक्षण कक्षा सञ्चालन अनुमति नवीकरण गरिपाउँ ।

महोदय,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२। । मा प्रकाशित सूचनाका आधारमा निवेदकले "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्वन्धी निर्देशिका, २०७३" वमोजिम शैक्षिक परामर्श सेवा/पूर्वतयारी कक्षा/ भाषा शिक्षणसम्वन्धी कार्यका लागी प्राप्त अनुमतिपत्रको नविकरकणका लागि देहायका कागजातहरु सँलग्न राखी यो निवेदन पेश गरेको छु। निवेदक संस्था/ कम्पनि मिति २०७५ साउन १४ गतेअगावै देखि नवीकरणको लागि माग गरेको सेवा सञ्चालनको अनुमति प्राप्त संस्था/कम्पनि भएको व्यहोरासमेत अनुरोध गर्दछु। निवेदन र निवेदनसाथ संलग्न प्रमाण कागजातका व्यहोरा साचो हुन्। फरक ठहरे प्रचलित कानून वमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ।

निवेदकको नाम, थरः

दस्तखतः

संस्थाको नाम, ठेगानाः

अनुमति पत्र नम्वरः

फोन नं :

इमेलः

संस्थाको छाप

Scanned with CamScanner

Scanned with CamScanner